# मधेश प्रदेशको सर्लाही जिल्लाको मलंगवामा हिन्दु समुदाय र मुस्लिम समुदाय बीच भएको धार्मिक द्वन्द्व विषयमा गरिएको अनुगमनको

# प्रतिवेदन

(मिति: २०८० असोज ७ देखि असोज १३ गते सम्म)


**प्रतिवेदक**

माननीय सदस्य, जीवछ साह

शाखा अधिकृत, रमेश कुमार दास

सर्लाही जिल्लाको मलंगवामा २०८० साल असोज महिनामा विश्वकर्मा पुजा र गणेश पुजाको विसर्जनको लागि मुर्ति सेलाउने क्रममा हिन्दु समुदाय र मुस्लिम समुदाय बीच विवाद उत्पन्न भई स्थिति अक्रान्त र तनावग्रस्त भएको । सोही क्रममा मधेशी आयोगद्वारा पठाइएका एक टोलीले अनुगमन गरी जानकारी भए अनुसार तपशिलका विषयवस्तु अवगतका लागि पेश गरेको छौ ।

मलंगवाको धार्मिक घटनाको अनुगमनमा जाँदा बाटोमा टायर वालेको मन्दिर नजिकै बाटो जाम गरेको, प्रहरीले समेत अवस्था गम्भिर भएको जानकारी गराएको । स्थानीयवासी मार्फत थप कुरा बुझ्दा, अनुगमन गर्दै जादा एक जना युवकमाथि छुरा प्रहार भई उपचारका लागि विरगंजको नेपाल मेडिसिटी अस्पतालमा रहेका थाहा पाउँदा टोली पर्सा जिल्लाको विरगंज अस्पताल पुग्यो । घाइते युवक सर्लाही जिल्लाको मलंगवा नगरपालिकाका रुपेश कुमार यादवको ICU मा उपचार भइरहेको थियो । अवस्था चिन्ताजनक नै रहेको । आफन्तजन आक्रोसित रहेको । घाइतेका वुवाले घटनाको दोषीमाथी कडा कारवाहीको माग र घाइतेलाई उपचार तथा क्षतिपुर्ति दिनुपर्ने माग राख्दै गरेको । वुवा तथा आफन्तका अनुसार घटनालाई नियन्त्रणमा लिएको भए यस्तो नहुने भने आफ्नो विचार राख्दै गरेको । अस्पताल प्रशासनले अवस्था गम्भिर भएकोले उपचारमा पुर्ण प्रयास गर्दै गरेको र अहिले नै सवै कुरा यकिन साथ भन्न नसकिने अवस्था पाइयो ।

स्थानीयवासीहरुलाई भेटदा प्रशासन समयमा कडाई गरेको भए घटना नियन्त्रण गर्न सकिने विचार राखेको । हिन्दु समुदाय र मुश्लिम समुदायहरु बीच विगतमा पनि विवाद भएको । एकले अर्काको धर्म र अस्तित्व स्वीकार गर्न नचाहेको ।

मुर्ति सेलाउने क्रममा बाटोमा बाजागाजाका साथ अगाडि बढदा मुस्लिमहरुले छतको माथिबाट पानी छर्किदिएको र विवाद बढ्दै जादा ढुङ्गामुढा शुरुवात भई छुरा प्रहार, घर टहरामा आगो लगाउने सम्मको विकराल अवस्था हुदै गएको बारे स्थानीयद्वारा अवगत भएको । भोलीपल्टबाट पुनः त्यस्तै विवाद र झडपको अवस्था हुँदा प्रहरी प्रशासनले नियन्त्रण गर्दा गर्दै पनि एक जना युवकलाई पेटमा छुरा प्रहार भएको जानकारी प्राप्त भयो । त्यसपश्चात अवस्था झन विकराल हुदै गयो । कर्फ्यु समेत लगाउदै प्रशासनले अवस्थालाई नियन्त्रण लिदै दुवै समुदायको वीचमा सहमती गराउदै गएको जानकारी स्थानीयद्वारा प्राप्त भयो ।

जिल्ला प्रशासन कार्यालयको बैठकमा प्रमुख जिल्ला अधिकारीको अनुसार युवायुवतीहरु बढी मात्रामा अशिक्षित तथा कम शिक्षित रहेकोले यस्तो घटना वारम्वार भईरहेको । साथै अधिकांश मानिसहरु वेरोजगारी भएकोले फुर्सदको वेलामा मानसिक रुपले तनावग्रस्त भई घटना उग्र रुप लिइएको । राजनीतिक रुपमा आफ्नो स्वार्थ पुरा गर्न वा नयाँ व्यक्ति आफ्नो राजनीतिक प्लेटफर्म बनाउन यस्तो घटना बढाउदै गएको भन्ने सम्भावना रहेको । साथै लागु औषधको लत लागेको व्यक्तिहरु पाइएको, गोजीमा पैसा नभएका, पारिवारिक जिम्मेवारी नभएका, उद्देश्यविहिन अपरिपक्क व्यक्तिहरु समेत यस घटनामा देखापरेको, जातिय Sentriment deep rooted भएको, सामाजिक संजालको दुरुपयोग गरी अपवाह फैलाउदै गरेको, नेतृत्वविहिन रुपमा भिडभाड बढदै गएको अवस्थालाई नियन्त्रमा लिई तनावमुक्त बनाई वातावरण साम्य बनाएको । त्यस्तै जिल्ला प्रहरी कार्यालयका एस.पी. का अनुसार हाम्रो चाहना मुर्ती विसर्जन नै रहेको, नेतृत्व विहिन वालवालिकाको उपस्थिति बढी भएकोले भिड नियन्त्रण गर्न कठिनाई भएको तर पनि प्रयास जारी रहेको तथा सुरक्षामा कमि हुन नदिई अवस्था साम्य पार्न सफल भएको भनाई पाइयो । त्यस्तै सशस्त्र प्रहरीका एस. पि. का अनुसार डर त्रास हुनु स्वभाविक

हो, कतिपय व्यक्ति आफ्नो स्थान छोडी आफन्तकोमा गई वास बसेका । प्रहरीलाई कल आउने वितिकै उक्त स्थानमा प्रहरी पुगेको बताइए ।

मधेशी आयोगले सर्लाहीको मंलगवामा भएको धार्मिक द्वन्द्वका घटनाको प्राप्त सूचना, रहिरहेको अवस्था, विषयवस्तुको अनुगमन तथा स्थानीयवासीहरुको भनाई, प्रशासनबाट प्राप्त जानकारी तथा स्थलगत अनुगमन आदिको आधारमा निम्न विषयहरु बारे कारण, प्रभाव र निवारणको रुपमा पाइयो ।

- ❖ गुणस्तरीय शिक्षा नभएका कारण अधिकांश व्यक्तिहरु, नागरिकको कर्तव्य र अधिकार अन्तरमुल्याङ्कन गर्न नसक्नु । यसका लागि सर्वप्रथम प्राथमिक शिक्षा देखी उच्च शिक्षासम्ममा शिक्षामा गुणस्तरीयता कायम गर्नुपर्ने देखिन्छ ।
- ❖ सीपमूलक शिक्षाको अभावको कारणले वेरोजगारी बढ्न गई मानिसहरु फुर्सदको समय विताउन थाले । **"खाली दिमाग सैतानको घर"** भने जस्तै हुन गयो । त्यसैले वेरोजगारी समस्या हल गर्न स्थानीय, प्रदेश र संघीय सरकार समयमै सचेत भई उक्त क्षेत्रमा पुर्ण रोजगारका निम्ति विशेष पहल गर्ने ।
- ❖ एक धर्मले अर्को धर्मलाई आरोप लगाउनुको कारण एक अर्काको प्रति विश्वास तथा सामाजिक सद्भाव नहुनु हो र सो को लागि मधेशी आयोग र मुस्लिम आयोग लगायतका अन्य आयोग बीच यस्ता धार्मिक तथा जातीय विषयवस्तुहरुमाथी वारम्वार छलफल, सम्वाद, सहकार्य र समन्वय गरी एकअर्काको अस्तित्व स्वीकार गर्न समय समयमा सूचना सम्प्रेषण गर्दै गर्नुपर्ने ।

- स्थानीय निकायद्वारा हिन्दु र मुस्लिमबीच सौहार्दपुर्ण वातावरण कायम गराउदै आपसी मेलमिलाप तथा समझदारी कायम गराउदै गर्नुपर्ने ।
- हाललाई दोषीलाई कडा कारवाही गर्नुपर्ने र पीडितलाई तत्काल र दीर्घकालको लागि क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने ।
- असल व्यक्तित्व, सभ्य समाज, धार्मिक सहिष्णुता, सुशासन र दिगो विकासका लागि हरेक तह र तप्काबाट विश्वासका साथ अथक प्रयास गर्दै जानु अहिलेको आवश्यकता देखिन्छ ।